# परमेश्वरको गहिरो प्रेम

**Pastor S. James**

**December 1st, 2022**

*प्रार्थना*

*प्रभु धन्यबाद ,धन्यबाद,धन्यबाद तपाइको प्रेम को लागी , तपाइको कृपाको लागी , र तपाइको अनुग्रहको लागी प्रभु पुरा ११ महिना हजुरले हामीलाइ समाल्नु भयो त्यसको लागी धन्यबाद प्रभु । प्रभु हजुरको बचन आत्मा हो ,सत्य , जीवन हो । प्रभु हामीलाइ सहाएता गर्नुस् ताकी हामी त्यो जीवन हामी पाउन सकौ र त्यो जीवनमा अगाडी बढ्न सकौ । किनभने हजुरको बचनमा सामर्थ छ । पापको माथि , संसारको माथि , सैतानको माथि जित्नको लागी सामर्थ छ । त्यसैले हामीलाइ हजुरको बचन बुझ्ने आत्मा दिनुस् प्रभु। हाम्रो प्राण आत्मा शरीर हजुरको हातमा येशु मशिह को नाममा आमेन ।*

परमेश्वरको राज्यमा सबै भन्दा मुख्य कुरा प्रेम हो ।

१ कोरिन्थी १३:१-३ नि अब म सबै भन्दा महत्वपूर्ण मार्ग बताउने छु। मानिसहरूका र स्वर्गदूतहरूका विभिन्न भाषाहरू म बोल्न सकुँला। तर मसित प्रेम नै छैन भने म खाली एउटा टङटङे घंटी वा झ्याम् झ्यामे झ्याम्टा मात्र हुँ।
[2]मसित अगमवाणी गर्न सक्ने वरदान होला। म परमेश्वरको जम्मै रहस्य बुझूँला र हरेक कुरा जानुँला, अनि मसित यति ठूलो विश्वास होला कि म पहाडहरू पनि हल्लाउन सकुँला। तर यतिको शक्ति ममा आर्जित हुँदा पनि यदि ममा प्रेम नभए म केही होइन।
[3]मानिसहरूलाई खुवाउन आफूसित भएको सब कुरा दिन सकुँला र आफ्नो शरीर समेत आहुतिको रुपमा जलाउन सकुँला। तर यदि मसित प्रेम छैन भने म केही पनि हैन।

यो माथि लेखेको कुरा प्रेम बिना पनि गर्न सकिन्छ । तर प्रेम बिना गर्‍यो भने न्याय को दिनमा केहि पनि लाभ हुदैन । सबैको जीवनमा मृत्यु सुनिस्चित छ ।र त्यसपछि न्याय । न्याय को दिनमा जब हामी खडा हुन्छौ त्यति खेर यदि प्रेम हाम्रो जीवनमा थिएन भने येशु को नाममा जे गरेता पनि सबै ब्यर्थ हुन्छ ।

१ कोरिन्थी १३:१३ [13]यसैले, यी तिन कुराहरु रहिरहनेछन् विश्वास, आशा र प्रेम। अनि यिनीहरूमा सबैभन्दा ठूलो हो प्रेम।

बिश्वास, आशा र प्रेम छन् यि मध्यमा सबै भन्दा ठुलो चाहि प्रेम हो ।

गलाती ५:६ [6]कोही ख्रीष्ट येशूमा छ भने त्यसको खतना भएको छ कि छैन त्यो कुनै मुख्य कुरो होइन। तर मुख्य कुरो त हो विश्वास जुन प्रेमबाट आफै प्रकट हुन्छ।

बिश्वास संग प्रेम जोड्यो भने अतिनै राम्रो हुन्छ । बिश्वास बिना परमेश्वरलाइ प्रसन्न पार्न सक्दैन । बिश्वास द्वारा धार्मीकता प्राप्त हुन्छ । बिश्वास त हुनुपर्छ तर यो बिश्वास प्रेममा प्रकट हुनुपर्छ ।

१कोरिन्थी १३:८ [8]प्रेम कहिल्यै सिद्धिदैन। अगमवाणीहरू टुँगिन्छन्। भाषाहरू बोल्ने वरदान समाप्त हुन्छ, ज्ञानका उपहार समाप्त हुन्छ।

बाकी सबै बितेर जान्छ तर प्रेम यहाँ अहिले र अनन्त काल सम्म हुन्छ कहिलै बितेर जादैन । सदा सर्बदा रहिरहन्छ । यो प्रेम परमेश्वरको प्रेम हो । परमेश्वरले यो संसारलाइ यति साह्रो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एक मात्र पुत्रलाइ दिनुभयो । बचनमा भनेको सबै प्रेम यो प्रेमको बारेमा हो । यो संसारमा जन्मेको हर पुरानो ब्यक्तिमा यो प्रेम हुदैन । संसारीक मान्छेमा यो प्रेम परमेश्वर बाट मात्र पाउन सक्छ । साथै संसारको मान्छेले परमेश्वरमा गर्ने बिश्वास पनि परमेश्वर बाट नै आउछ ।

इजकियल ३६:२६ [26]परमेश्वरदले भन्नुभयो, "म तिमीहरूमा एउटा नयाँ आत्मा पनि भर्छु अनि तिम्रो सोचाई पनि बद्लि गरिदिन्छु। म तिम्रो शरीरबाट ढुङ्गाको हृदय निकालेर मासुको हृदय दिन्छु।

परमेश्वर भन्नुहुन्छ हामीलाइ नयाँ आत्मा दिनुहुन्छ । हामी संग पुरानो आत्मा छ । त्यो ठिक छैन त्यो संसारिक हो । त्यसकारणले परमेश्वर हामीलाइ ढुङ्गाको आत्मा निकालेर नम्रताको आत्मा दिनुहुन्छ । पुरानो हृदय छ त्यसलाइ पुरा रुपमा नयाँ बनाउनको लागी हरदिन त्यो पुरानो हृदयलाइ मार्नु पर्छ ।

रोमी ५:५ [5]अनि यस आशाले हामीलाई कहिल्यै निराशा बनाउँदैन। किनभने परमेश्वरले आफ्नो प्रेमको बर्षाले हाम्रा हृदयहरू पारिपूर्ण पारिदिनु भयो। पवित्र आत्माद्वारा उहाँले हामीलाई आफ्नो प्रेम दिनुभो। त्यो पवित्र आत्मा परमेश्वरबाट हामीलाई उपहार हो।

परमेश्वरको प्रेम नयाँ मान्छेमा पवित्र आत्मा द्वारा खनाइएको छ । त्यसकारणले आत्मा द्वारा त्यो पुरानो संसारीक हृदयलाइ निकाल्नु पर्छ । नयाँ बिश्वासी पुरानो प्रेम मा चल्यो भने हामी यो नयाँ जीवनमा हार्छौ । उद्धार हामीले बिश्वास द्वारा पाएका हौ । बिश्वास हामीले परमेश्वरको अनुग्रह बाट पाएका हौ । एउटा मान्छेको मुख्य भाग उसको हृदय हो । हृदयमा बिश्वास गरेर मुखले स्वीकार गर्नु पर्छ । प्रेम पनि हृदय देखि हुनुपर्छ । र त्यसको साथै हृदयको प्रेम मुख देखि बोल्यो भने त्यो साँचो प्रेम हुन्छ । हृदयमा प्रेम छैन र मुख बाट म प्रेम गर्छु भन्छ भने त्यो साँचो प्रेम हुन सक्दैन । परमेश्वरले हामीलाइ एउटा काम पनि गर् भन्नु भन्दा पहिला हामीलाइ त्यो

काम गर्नको लागी चाहिने सामर्थ पहिलै दिनुहुन्छ। परमेश्वर हामीलाइ भन्नु हुन्न उद्धार पा र त्यो उद्धार पाउनको लागी चाहिने बिश्वास पहिला दिनुहुन्छ। परमेश्वरले बिश्वास दिनुभएन भने उहाँको अनुग्रह हामीले पाउन सक्दैनौ र उहाँको अनुग्रह बिना हामीले आफै पस्चाताप गर्न सक्दैनौ बचनमा लेखेको छ परमेश्वरले हामीलाइ पस्चाताप गर्ने हृदय दिनुहुन्छ। त्यसको लागी हामीले पस्चाताप को हृदय माग्नु पर्छ। प्रेम पनि जो जति बिश्वासमा आएका छन् सबैलाइ परमेश्वरले दिनु पर्छ अनि मात्र प्रेम हामी मा आउछ। बिश्वास मा आए पछि जब न्याय को दिनमा खडा हुदा खेरी परमेश्वरले हाम्रो न्याय आगो द्वारा लिनु हुन्छ त्यति खेर यदि हाम्रो बिश्वास प्रेम द्वारा गरेको छैन भने आगो द्वारा भष्म हुन्छ। धेरै जना आएर परमेश्वरलाइ भन्छन् र प्रभु मैले तपाइको नाममा धेरै चंगाइ, छुटकारा को काम गरे तर प्रभु भन्नुहुन्छ । तिमीले सबै थोक गर्‍यौ तर प्रेममा गरेनौ। त्यसैले हामीले परमेश्वर संग बिश्वास को साथै बिश्वास प्रेम द्वारा गर्नको लागी परमेश्वर संग सामर्थ माग्नु पर्छ।

मत्ति ५:४३ [43]'तिमीहरूले यसो भनिएको सुनेकाछौ, 'तिम्रो छिमेकीलाई प्रेम गर र तिम्रो शत्रुलाई घृणा गर।'
[44]तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, तिमीहरूलाई खेदो गर्नेहरूको निम्ति प्रार्थना गर।
[45]यदि तिमीले यसो गर्यौ भने तिमी स्वर्गको पिताका साँचो पुत्र हुनेछौ। किनभने उहाँले दुष्ट र सज्जन दुवैका निम्ति घाम लगाइदिनुहुन्छ। अनि धर्मी र अधर्मीहरूको निम्ति वृष्टि पठाइदिनुहुन्छ।
[46]यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूले कनै इनाम पाउने छैनौ। महसूल उठाउनेहरूले पनि त्यसै गर्छन्।

शत्रुलाइ प्रेम गर्न हामी हाम्रो सामर्थ ले सक्दैनौ। चार सुसमाचार मा प्रेम गर्नु भनेर येशुले भन्नु भयो तर त्यति खेर कोहि पनि आत्मामा जन्मेका थिएनन् सबै जना पुरानो मानिस नै थिए। जब पेन्टिकोस को दिनमा आत्मा आयो र आत्मा सामर्थ लिएर आउनु भयो। येशु कुशमा मर्दा हामीलाइ देखाउनु भयो शत्रु लाइ प्रेम गर्न सक्छ र साथै स्टिफनसले पनि आफु लाइ मार्ने मान्छेको लागी प्रार्थना गरेर मर्ने बेला प्रेम गरेर देखाउनु भयो। यदि हामीले यस्तो प्रेम गर्‍यौ भने हामी परमेश्वरको छोरा छोरी हुन्छौ। येशुले आफ्ना चेलाहरुलाइ भन्नु भयो तिमीहरुको ज्ञानको कारणले होइन, बुद्धिको, सामर्थको कारणले होइन तर तिमीहरुको प्रेमको कारणले थाहाँ हुन्छ तिमीहरु मेरो चेलाहरु हौ भनेर। संसारको प्रेम मलाइ प्रेम गर्नेहरुलाइ म प्रेम गर्छु। मलाइ घृणा गर्नेहरुलाइ म घृणा गर्छु। परमेश्वर भन्नुहुन्छ यो साधारण प्रेम हो। तर परमेश्वरको एउटा प्रेम छ त्यो श्वर्ग बाट आउने प्रेम

[48]यसैकारणले तिमीहरू सिद्ध होऊ, जसरी तिमीहरूका स्वर्गका पिता सिद्ध हुनुहुन्छ।

यहाँ परमेश्वरले प्रेमको साथमा सिद्धतालाइ ल्याउनु भयो। जस्तो पिता प्रेममा सिद्ध हुनुहुन्छ हामी पनि त्यस्तै प्रेममा सिद्ध हुनुपर्छ। संसारमा पनि एउटा प्रेम छ। त्यो प्रेम साधारण हो तर परमेश्वरको प्रेम असाधारण र असिमीत छ। आमाको प्रेम भन्दा पनि गहिरो प्रेम। आमाको प्रेम अर्काको छोरा छोरीलाइ प्रेम गर्न सक्दैन तर परमेश्वरले अर्काको शैतानको छोरा छोरीलाइ प्रेम गर्नभयो। त्यो

युहन्ना ३:१६ [16]हो, परमेश्वरले संसारलाई यति साह्रो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनु भयो। परमेश्वरले आफ्ना पुत्रलाई दिनु भयो त्यस द्वारा उहाँमाथि विश्वास गर्ने कोहीपनि नाश हुने छैन, तर अनन्त जीवन प्राप्त गर्नेछ।

यो परमेश्वरले गर्ने प्रेमको कहिलै अन्त हुदैन।सैतान ले संसारलाइ पुरा नक्कलि प्रेमले फैलाएको छ। ताकी हामी सत्य परमेश्वरको प्रेमको बारेमा नजानौ भनेर। यदि सत्य प्रेम हामीले थाहाँ पायौ भने फेरी सैतानले हामीलाइ हराउन सक्दैन त्यसैले यो नक्कली प्रेमलाइ सिनेमा द्वारा, प्रेम को गाना द्वारा बिभिन्न रीतीले फैलाउने काम गरीरहेको छ। प्रेमको चार आयाम छ।

एफिसी ३:[17]तिमाहरुको विश्वासको कारणले ख्राष्ट तिमीहरुको हृदयमा बसून् भनी म प्रार्थना गर्दछु। म प्रार्थना गर्दछु, ख्रिष्टको प्रेमको महानता बुझ्ने शक्ति परमेश्वरका सबै मानिसहरुले पउन्।
[18]अनि प्रार्थना गर्दछु कि परमेश्वरका जम्मै तिमीहरुलाई र परमेश्वरको पवित्रजनले ख्रिष्टको प्रेमको महानता बुझ्ने शक्ति पाउन्। म यो पनि प्रर्थना गर्दछु कि उहाँको प्रेमको चौडाई, लम्मबाई, उँचाई र गहिराई तिमाहरुले बुझ्न सक।

येशु बरदानमा, सामर्थमा सबैमा भरिनु को साथै परमेश्वरको प्रेमको पुर्णतामा आउनुभयो। र उहाँ यस संसारमा परमेश्वरको प्रेम को पुर्णतामा चल्नु भयो। त्यसैगरी हामी पनि परमेश्वरको प्रेमको पुर्णतामा हिड्नु पर्छ। त्यसकारणले हाम्रो जीवनमा पनि प्रेमको चार आयाम हुन जरुरी छ। पहिला जोस, दोस्रोमा प्रेम मा प्रतिबद्ध, तेस्रोमा बलिदान र चौथोमा आनन्द यि चार कुरामा चल्नुपर्छ। त्यस पछि हामी परमेश्वर मा अगाडि बढ्न सक्छौ। परमेश्वर शृष्टिकर्ता हुनुहुन्छ भने प्रेम को शृष्टिकर्ता पनि परमेश्वर नै हुनुहुन्छ। परमेश्वरको प्रेम को चार दिशा छ। पहिलो दिशा परमेश्वरको प्रेम मेरो माथि र दोस्रो मा मेरो प्रेम परमेश्वरको माथि तेस्रोमा मेरो प्रेम मेरो लागी र चौथोमा मेरो प्रेम मेरो छिमेकी को लागी पहिला परमेश्वरले मलाइ कस्तो प्रेम गर्नु भयो त्यस कुरामा ध्यान दिनुपर्छ। येशु आएर भन्नुहुन्छ परमेश्वर यस संसारलाइ यस्तो प्रेम गर्नु हुन्छ उहाँले आफ्नो एक मात्र पुत्रलाइ हाम्रो लागी दिनु भयो। त्यसो भए म परमेश्वरलाइ कस्तो प्रेम गर्छु ? त्यस पछि म आफुलाइ कस्तो प्रेम गर्छु ? र म मेरो छिमेकीलाइ कस्तो प्रेम गर्छु ? हामी परमेश्वरको बचन बाट परमेश्वरको राज्यको ज्ञान प्रात्त गर्छौ। ज्ञानले मात्र हामी काम गर्न सक्दैनौ काम गर्नको लागी सामर्थ पनि चाहिन्छ। परमेश्वरको राज्यमा सामर्थ प्रेम हो। प्रेमले मात्र परमेश्वरको राज्यमा काम गर्न सक्छ। ज्ञान ले मात्र हुदैन।

उत्पत्ति ३७:३[3]इस्राएल बूढो भइसकेपछि यूसुफ जन्मेको थियो। यसकारण इस्राएलले यूसुफलाई अरू छोराहरूलाई भन्दा बढी माया गर्थ्यो। याकूबले आफ्नो छोरोलाई एक विशेष लामो र अत्यन्तै राम्रो कोट दियो।
[4]यूसुफका अरू दाज्यू-भाइहरूले जब यो थाहा पाएँ कि तिनीहरूका बुबा उनीहरूलाई भन्दा बढी यूसुफलाई माया गर्थे। यसैकारण तिनीहरू आफ्नो भाइलाई घृणा गर्थे। तिनीहरू उसित राम्रो प्रकारले कुरा गर्न अप्ठ्यारो गर्द थिए।

याकुब का १२ छोराहरु थिए। बुढो भएको बेलामा युसुफ जन्मेको कारण युसुफलाइ धेरै माया गर्थे। र माया गरेको कारण ले उनको बाबाले युसुफ लाइ एउटा कोट दिए। जसले गर्दा उसका दाजुभाइ हरुले युसुफ संग घृणा राखे। र तिनीहरु ए सित राम्ररी बोल्दैनथे। जब युसुफलाइ परमेश्वरले एउटा सपना दिनु भयो।

[8]यूसुफका दाज्यू-भाइहरूले भने, "के यसको अर्थ, तँ राजा हुन्छस् अनि हामीहरू सबैलाई शासन गर्छस्?" उसको दाज्यू-भाइहरूले ऊ माथि अझै धेरै घृणा गर्न थाले, कारण तिनीहरूको विषयमा उसले सपना देखेको थियो।

पहिला पनि घृणा गर्थे अब झन् घृणा गर्न लागे। फेरी युसुफ लाइ परमेश्वरले दोस्रो सपना दिनुभयो र त्यो सपना पनि युसुफले आएर आफ्ना दाजुभाइ हरुलाइ भन्यो। त्यस पछि

[11]यूसुफका दाज्यू-भाइहरूले साह्रै ईर्ष्या गरिरहे। तर उसको बाबुले यी विषयमा धेरै गहिरिएर सोचे अनि विचार गरे यो सबको अर्थ के हुन सक्छ?

दोस्रो सपना युसुफले पाए पछि उसका दाजुहरुले घृणा मात्र गरेनन्। युसुफ माथि ईर्ष्या गर्न लागे। हामीले एउटा घर र एउटा व्यक्तिको बारेमा ज्ञान पायौ।

[12]एक दिन यूसुफका आफ्ना दाज्यू-भाइहरू आफ्ना बाबुका भेडाहरूको हेरचाह गर्न शकेम गए।

युसुफ का दाजुहरु भेडाहरु लिएर शेकेममा गए। शेकेम को एउटा इतिहास छ। युसुफ का एक बहिनी शकेम मा घुम्न गएको बेलामा शकेमको राजकुमारले त्यसको बलत्कार गर्‍यो। त्यस पछि युसुफ का दाजुहरुले शकेम का सबै मान्छेहरुलाइ मारिदीए। त्यसकारणले याकुबले भने यो अन्य जातीहरुको नजरमा म दुष्मन भएको छु। परमेश्वर ले भन्नुभयो यहाँ बाट निक्लेर बेथेल जानु यस्तो लेखेको छ। अन्य जातीहरुको बिचमा परमेश्वर को डर पैदा भएको कारण याकुब को परिवार बेथेल मा पुग्न सके। त्यस कारणले गर्दा शकेम उनीहरुको दुष्मण भयो। अब आएर यस्तो अबस्थामा याकुब को छोराहरु भेडा र बाखाहरु लिएर शकेम मा गए। जसले गर्दा याकुब लाइ चिन्ता हुन्छ। त्यति खेर फोन छैन, चिठि छैन।

[13]याकूबले यूसुफलाई भने, "शकेम जा! तेरा दाज्यू-भाइहरूले मेरो भेडाहरू हेरचाह गर्दैछन्।"यूसुफले भने, "म जानेछु।"

युसुफलाइ आफ्ना दाजुहरुले मन पराउदैन थे। घृणा गर्थे यो कुरा युसुफलाइ थाहाँ थियो। युसुफलाइ ज्ञान थियो कि उसका दाजुहरु दुष्मण को ठाउमा गएका छन् र त्यहाँ गयो भने उसको लागी पनि ज्यान जाने डर छ र पनि उनले आफ्ना बाबालाइ भने म जान्छु। किनभने उनले आफ्नो बाबालाइ र आफ्नो दाजु हरुलाइ प्रेम गर्दथे। घरको अबस्थाको ज्ञान छ। मण्डली को अबस्था को ज्ञान छ। ज्ञान ले होइन हामी हिड्ने प्रेम ले हिड्नु पर्छ। हामी लाइ परमेश्वरले कस्तो प्रेम गर्नुभयो। त्यसको ज्ञान हामीलाइ ६ भने हामी परमेश्वरमा सुरक्षीत हुन्छौ। परमेश्वरको प्रेमले हामीलाइ सुरक्षा दिन्छ।

रोमी ५:६-८ [6]जब हामी अझै कमजोर थियौं, ठिक त्यसै बेला ख्रीष्ट हामी दुष्ट मानिसहरूको लागि मर्नु भयो।
[7]रामा मानिसहरूको निम्ति मर्ने साह्रै कठिनले कोही राजी होलान्। कोही भने अति असल मानिसको निम्ति मर्ने निश्चय पनि गर्न सक्लान्।
[8]यद्यपि हामीहरू अझै पापी जीवन जिउँदा-जिउँदै पनि ख्रीष्ट हाम्रो निम्ति मर्नु भयो। यस प्रकारले परमेश्वरले आफ्नो प्रेम हामीलाई देखाउनु भयो।

परमेश्वर को आखाँमा हामी कमजोर थियौ र अधर्मी थियौ त्यति मात्र नभएर पापी पनि थियौ। । हाम्रा उद्धार को लागी हामी कमजोर हुदा मात्र होइन अधर्मी हुदा मात्र होइन त्यसको साथ साथै पापी हुदा हुदै पनि येशु ले हामीलाइ प्रेम गरेको कारण ले हाम्रा लागी मर्नु भयो।

[10]मेरो मतलब के हो भने जब हामी परमेश्वरका शत्रु थियौं उहाँले आफ्नो पुत्रको मृत्युद्वारा हामीलाई आफ्नो मित्र बनाउनु भयो। यसैले जब हामी अहिले परमेश्वरका मित्र छौं, हामी निश्चय छौं आफ्नो पुत्रको जीवन द्वारा उहाँले हामीलाई रक्षा गर्नु हुनेछ।

हामी कमजोर, अधर्मी, पापी मात्र थिएनौ हामी परमेश्वरको शत्रु थियौ। हामी परमेश्वरको शत्रु हुदा हुदै पनि परमेश्वरले आफ्नो एक मात्र पुत्र लाइ मेरो उद्धार को लागी मर्न को लागी पठाउनु भयो यो हो परमेश्वरको असल प्रेम। हामीलाइ यो ज्ञान हुनुपर्छ। नत्र भने हामी सोच्छौ कि हामी धर्मी छौ।

यर्मिया ३१:३३ टाढाबाट परमप्रभु आफ्ना मानिसहरू अघि देखा पर्नु हुन्छ। परमप्रभु भन्नुहुन्छ, "मैले तिमीहरूलाई त्यस्तो प्रेमले प्रेम गरें जुन सर्वदा रहीरहन्छ। यसर्थ मैले तिमीहरूलाई मेरो विश्वासयोग्यता कायम राखेको छु।

परमेश्वरले हामीलाइ यस्तो प्रेम गर्नु भयो जुन प्रेम सधै को लागी रहिरहन्छ। अब हामी उहाँको प्रेम द्धारा जीवन भरी सुरक्षा पाएका छौ। अब हामीलाइ कुनै कुराको पनि डर छैन। परमेश्वरले मलाइ मेरो गुण हेरेर प्रेम गरेको होइन। परमेश्वर को इजरायलीहरु छोरा छोरी हो र साथै मण्डली उहाँको दुलही हो। परमेश्वरको प्रेम यि दुबै माथि कहिले पनि घट्दैन। उहाँको प्रेम अनन्त अनन्त कालको लागी हो।

रोमी ८:३५ [35]ख्रीष्टको प्रेमबाट हामीलाई अलग गर्न सक्ने कुनै थोक छ? छैन। के दुःखले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्नसक्छ? सक्दैन! के कठिनाई वा खेदाइले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्नसक्छ? सक्दैन। के अनिकाल वा नाङ्गोपनले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्नसक्छ? अहँ। के कुनै आपद वा मृत्युले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्न सक्छ? अहँ सक्दैन।

हामीलाइ यो पद ले यो बिश्वास दिन्छ कि ,हाम्रो जीवनमा जे सुकै अबस्था आए पनि हामीलाइ परमेश्वरको प्रेम बाट अलग गर्न सक्दैन। मेरो सुरक्षा परमेश्वर माथि मेरो प्रेम को कारण ले होइन। परमेश्वर ले म माथि गरेको प्रेम को कारण ले गर्दा हो। परमेश्वर को प्रेम कहिले पनि बदल्दैन सदा सर्बदा एक समान रहिरहन्छ। उडाउ पुत्र को कुरा गर्दा पुत्र ले जब सम्म उसको जीवनमा दुख आएन तब सम्म उसले आफ्नो बाबा लाइ याद गरेन। तर बाबा ले हर दिन पुत्र लाइ याद गरेर पर्खेको पर्खै गर्‍यो। एक दिन मेरो छोरा

आउछ भनेर बाटो हेरीरह्यो । उडाउ पुत्रको सुरक्षा उसको प्रेम मा होइन उसको बाबा को प्रेम मा हो । प्रेम को स्वरुप दया हो । उडाउ पुत्र को बाबा दयालु थिए । यो हो प्रेम को सत्य ।

[37] तर परमेश्‍वरको प्रेमको कारणले हामी ती सबै कुराहरूमा पूर्ण विजयी बन्छौं।

हामी ले परमेश्वर को प्रेम को सत्य को बारेमा हामीलाइ ज्ञान भयो भने हामी सबै कुरामा बिजयी हुन सक्छौ । प्रेम मा आशा नै अलग हुन्छ ।

[38] हो, म निश्‍चिन्त छु कि कुनै चीजले पनि हामीलाई परमेश्‍वरको प्रेमबाट अलग पार्न सक्तैन न मृत्यु वा जीवनले न स्वर्गदूतहरू वा शासन गर्ने आत्माहरूले न त कुनै वर्तमानका वा भविष्यका कुराले न त कुनै माथिका वा तलका शक्तिले न त सारा संसारको कुनै अरू सिर्जित कुराले हाम्रो परमेश्‍वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछ जो हाम्रा प्रभु ख्रीष्ट येशूमा छ।

यो सबै कुरा बिश्वासी हरु लाइ भनेको हो अबिश्वासी ले परमेश्वर को प्रेम थाहाँ पाउन पहिला उ उद्धार मा आउनु पर्छ त्यस पछि मात्र उसले परमेश्वर को प्रेम लाइ बुभ्न सक्छ । एउटा बिश्वासी पाप गरे पछि उसले सोच्छ कि अब मलाइ परमेश्वर ले प्रेम गर्नु हुन्न । तर परमेश्वर ले त हामी पापि छदै प्रेम गर्नु भयो । परमेश्वर मा नआउदा हामी पापी थियौ , अधर्मी , कमजोर र साथै परमेश्वरको दुष्मण थियौ । र पनि परमेश्वर ले हामीलाइ अथाह प्रेम गरेर हाम्रो लागी आफ्नो बलिदान गर्नु भयो भने अब त हामी उहाँका छोरा छोरी भए पछि हामीलाइ प्रेम नगर्ने कुरा नै हुदैन । त्यसकारण ले गर्दा यदि हामी ले परमेश्वर को बिरुद्धमा पाप गरेता पनि उडाउ पुत्र जस्तो परमेश्वरको प्रेम मा सुरक्षा छ भनेर फर्केर जानु पर्छ । सुङगुर संग बस्नु हुदैन । उठेर बाबा संग जानु पर्छ किनकी हाम्रो सुरक्षा बाबा को प्रेम मा मात्र छ । परमेश्वर ले हामी लाइ कहिले पनि तिरस्कार गर्नु हुन्न । हामी फर्केर जानु पर्छ ।

१यूहन्ना ३:१ हामीलाई पिताले यति विघ्न प्रेम गर्नु भएको छ कि हामी परमेश्वरको बालकहरु भनिनु योग्यका छौं। अनि वास्तवमा हामी परमेश्वरका बालकहरु हौं। तर संसारका मानिसहरु यो बुझ्दैनन् कि हामीहरु परमेश्वरका बालकहरु हौं, किनभने तिनीहरुले उहाँलाई चिनेका छैनन्।

परमैश्वर ले हामीलाइ आफ्नै संन्तान बोलाउनु हुन्छ । सैतान छक्क पर्छ । संसार का मानिसहरु ले बुभ्न सक्दैनन् । परमेश्वर को प्रेम हामी प्रति शिद्ध छ ।

१यूहन्ना ४:१८ [18] जहाँ परमेश्वरको प्रेम हुन्छ त्यहाँ भय हुँदैन। किनभने परमेश्वरको सम्पूर्ण प्रेमले भय हटाइदिन्छ। परमेश्वरको दण्ड नै भयको कारण हो। यसरी जुन व्यक्तिमा भय रहन्छ तिनमा परमेश्वरको प्रेम सिद्ध भएको हुँदैन।

परमेश्वरको प्रेम मा डर छैन । किनभने परमेश्वरको प्रेम शिद्ध छ । हामी ले परमेश्वर को शिद्ध प्रेम मा ध्यान राख्यो भने हामी मा डर आउदैन । जती सुकै समस्या आउदा पनि डर हुदैन । लडाइ आउदा होस् या मृत्यु नै किन नआओस् परमेश्वर को प्रेममा डर छैन । अब दोब्बर सुरक्षा को लागी हाम्रो प्रेम पनि परमेश्वर को जस्तै शिद्धतामा अगाडि बढ्नु पर्छ । भजन सग्रह २३ अध्याय मा दाउद ले परमेश्वर ले हामी माथि गर्नु भएको प्रेम को बारेमा बयान गरेको छ । त्यसकारण ले हामी लाइ यो अध्याय मन पर्छ । भजन सग्रह २३ अध्याय मा लेखेको सबै हाम्रो लागी लेखेको हो ।

रमप्रभु मेरो गोठाला हुनुहुन्छ। मलाई खाँचो परेका सबै थोकहरू पाउनेछु।

[2] उहाँले मलाई हरियो घाँसको चौरमा सुताउनुहुन्छ। उहाँले मलाई शान्त तलाउतिर लानु हुन्छ।

[3] उहाँले आफ्नै नामको लागि मेरो आत्मामा नयाँ शक्ति दिनुहुन्छ। उहाँ साँच्चै नै असल हुनुहुन्छ भन्ने देखाउनलाई उहाँले मलाई धार्मिकताको बाटोतर्फ डोराउनु हुन्छ।

[4] यदि म चिहानभन्दा पनि अन्धकार-खाडी भएर हिंडे पनि, डरले रातभरी पनि तर्सने छैन। किन? किनभने हे परमप्रभु, तपाईं मसँग हुनुहुन्छ। तपाईंको लाठ्ठी र लौरोले मलाई सान्तवना दिंदछ।

[5] हे परमप्रभु, तपाईंले मेरो शत्रुहरूका समक्ष मेरो निम्ति भोजन तयार पारिदिनु भयो, अनि तपाईंले मेरो शिरमा तेल हाल्नु भयो।मेरो कचौरा चुलिन्छ र पोखिएर बगिरहनेछ।

[6] मेरो जीवनको अन्तसम्म करूणा र भलाई मसँगै रहने छ, अनि म परमप्रभुको मन्दिरमा संधैको निम्ति बस्नेछु।

यूहन्ना १०:१४-१५ [14] "म त्यो गोठालो हूँ जसले भेडालाई साँचो मनले रक्षा गर्छ। म मेरा भेडाहरू चिन्दछु जसरी पिताले मलाई चिन्नुहुन्छ। अनि भेडाले पनि मलाई चिन्दछ जसरी म पितालाई चिन्दछु। म ती भडाहरूका लागि जीवन अर्पण गर्छु।

परमेश्वर भन्नुहुन्छ म असल गोठाला हु । जसले आफ्नो भेडाहरु को लागी आफ्नै प्राण दिन्छ । त्यो परमेश्वरको शिद्ध प्रेम को माथि हुनु पर्छ हाम्रो सुरक्षा । होइनभने हाम्रो जीवन मा डर को आत्मा आउछ । बचन मा लेखेको छ परमेश्वरको प्रेम देखी हामी लाइ डर ले मात्र अलग गर्न सक्छ त्यस कारण ले परमेश्वर को प्रेम मा सुरक्षा पायौ भने डर को आत्मा हटेर जान्छ । किनभने परमेश्वर को प्रेम शिद्ध छ । परमेश्वर को प्रेम मा अलिकति पनि खोट छैन ।

रोमी ८:३१-३४ [31] यसकारण यस विषयमा हामीले के भन्ने? यदि परमेश्वर हाम्रो निम्ति हुनुहुन्छ भने, हामीलाई कसले पराजय गर्न सक्छ?
[32] परमेश्वरले हाम्रो निम्ति जे पनि गर्नुहुनेछ। परमेश्वरले उहाँको आफ्नै पुत्रलाई कष्ट मात्र भोगाउनु भएन तर हाम्रा निम्ति बलि दिनुभयो। तब के परमेश्वरले हामीलाई येशूका साथै हरेक उपहार दिनुहुन्न र?

33 परमेश्वरले चुन्नु भएका मानिसहरूलाई कसले दोष लगाउन सक्छ? कसैले सक्तैन! परमेश्वर मात्र एक हुनुहुन्छ जसले आफ्ना मानिसहरूलाई धर्मी बनाउनुहुन्छ।
34 परमेश्वरका मानिसहरूलाई कसले दोषी हो भनी भन्न सक्छ? कसैले सक्तैन! ख्रीष्ट येशू हाम्रा निम्ति मर्नुभयो, तर त्यति मात्र होइन, उहाँ मृत्युबाट जीवित पनि हुनुभयो। अनि उहाँ परमेश्वरको दाहिनेपट्टि हुनुहुन्छ र हाम्रा निम्ति परमेश्वरलाई बिन्ति गरिरहनु भएको छ।

यो पद हरु ले यसरी भन्छ परमेश्वर को प्रेम मा ध्यान राख । कुनै कुरामा पनि चिन्ता फिर्कि नगर परमेश्वर को प्रेम हामी मा छ भने केहि कुरा ले पनि हामीलाइ पराजय गर्न सक्दैन । परमेश्वर ले आफ्नो पुत्र लाइ हाम्रो लागी बलि चढाउनु भयो भने के हामीलाइ चाहिने कुराहरु दिनुहुन्न र ? परमेश्वर भन्नुहुन्छ मेरो प्रेम मा ध्यान राख तिम्रो जीवन का सबै चिन्ता , फिर्की , निरासा , दुख , पिढा , बिमारी , असान्ति , मृत्यु आदि कुराहरु को डर बाट छुटकारा पाउछौ । हामी ले परमेश्वर ले बोलेको सत्य कुराहरुलाइ ध्यान दिएर सुन्नु पर्छ । इजरायलीहरु मिश्र देश बाट थुमा को रगत मा बिश्वास गरेर निक्लेर उजाड स्थान मा आउदा खेरी बालाक भन्ने एउटा राजाले बालाम भन्ने एउटा अगमबक्तालाइ श्राप गर्न को लागी भाडा मा बोलाएर ल्यायो । बालाम ले श्राप गर्नको लागी मुख खोल्दा खेरी उसको मुख देखि आशिष मात्र आउछ । र परमेश्वर भन्नुहुन्छ मैले इजरायली हरुको एउटा पनि पाप देखिन । शत्रु को एउटा कुरा पनि परमेश्वर सुन्नुहुन्न । र परमेश्वर भन्नुहुन्छ अनुशासन म सिकाउछु यिनीहरु मेरो संन्तान हुन् । तर म मेरो संन्तान लाइ कसैलाइ पनि छुन दिन्न । इजरायली लाइ बालाम आएर श्राप दिदा र पापी भन्दा परमेश्वर भन्नुहुन्छ यिनीहरु थुमा को रगत मा चलेर आएका मान्छेहरु पापी हुन सक्दैन । परमेश्वरले इजरायलीहरुलाइ दण्ड दिनु भयो ४० शाल दण्ड दिएर अनुशाषन मा राख्नु भयो तर पापी मान्नु भएन । ३४ पदमा यसरी भन्छ दोष लगाउने को हो ? मेरो संन्तान लाइ कसैले पनि दोष लगाउन सक्दैन । किनभने पाप को द०ड मृत्यु हो त्यसको लागी मेरो छोरा मरीसक्यो । संसारमा एउटा नियम छ कसैले पनि एक चोटि को गल्तिमा दुइ चोटि दण्ड दिन सक्दैन । त्यसै गरी मेरो पाप को लागी येशु मर्नु भयो । मर्नु मात्र भएन उहाँ फेरी मरेको बाट जी उठ्नु भयो । उठेर परमेश्वर पिता को दाहिने हात तर्फ बसेर हाम्रो निम्ति असल असल कुराहरु परमेश्वर लाइ भन्नुहुन्छ । अब फेरी हामीलाइ पापी भनेर दोष लगाउन सक्दैन र साथै फेरी हामीलाइ पाप को दण्ड दिन मिल्दैन ।

१युहन्ना २:१ रा प्रिय नानीहरु, म तिमीहरुलाई यो पत्र लेखिरहेकोछु, जसमा कि तिमीहरुले पाप गर्ने छैनौ। तर यदि कुनै व्यक्तिले पाप गर्छ भने, येशू ख्रीष्टले पिताको अघि हामीलाई बचाउनु हुनेछ। येशू धर्मी हुनुहुन्छ।

पाप नगरोस् भनेर यो बचनहरु लेखिएका हुन् । तर यदि पाप गरी हाल्यो भने पनि येशु हाम्रो पक्षमा बोल्न को लागी तयार हुनुहुन्छ । यो हो परमेश्वरको शिद्ध प्रेम जसमा सारा सुरक्षा छ । जब सम्म येशु यस संसारमा आएर आफ्नो जीवन बलिदान नगरुनजेल सम्म परमेश्वरको पिता को प्रेम हामीलाइ थाहाँ भएन । जब हामीलाइ थाहाँ भयो परमेश्वर हामीलाइ प्रेम गर्नुहुन्छ । तब हामी परमेश्वर को प्रेम मा शुरक्षित भयौ ।

हिब्रु १२:५-६ 4 तिमीहरू पापको विरूद्ध लडदैछौ, तर अहिले सम्म तिमीहरूलाई रगत बगाउनु पर्ने अवस्थासम्म पुगेका छैनौ।
5 तिमीहरू परमेश्वरका पुत्रहरू हौ, त्यसैकारण तिमीहरूलाई उहाँले अर्ती दिनुहुन्छ। तिमीहरूले उहाँका शब्दहरू भुलेका छौ“मेरो छोरा! परमेश्वरको अनुशासन हल्कासित नलेऊ, तिमी हताश नबन, जब प्रभुले तिमीहरूलाई सुधार्नुहुन्छ।
6 प्रभुले जसलाई प्रेम गर्नुहुन्छ, उहाँले तिनीहरूलाई अनुशासित गर्नुहुन्छ जसलाई आफ्नो छोरा ठान्नुहुन्छ प्रत्येकलाई उहाँ दण्ड दिनुहुन्छ।’

परमेश्वर ले हामीलाइ दण्ड दिनु को पछाडि को प्रेरणा यो हो कि परमेश्वर ले हामीलाइ अति नै प्रेम गर्नु हुन्छ । परमेश्वर ले हामीलाइ अनशाषणमा राख्नु हुन्छ । किनकी उहाँ चाहनु हुन्छ कि हामी उहाँ को धार्मिकतामा , पबित्रतामा अगाडि बडोस् । त्यसकारण ले यदि हाम्रो जीवनमा कुनै बेला मा समस्या आयो भने हामी ले बुझ्नु पछ कि यो परमेश्वरको ताड्ना हो । यदि सैतान को हो भने हामी त्यो सैतान माथि जित्न सक्छौ । अनुशाषन हो भने हामी डराउनु पर्दैन । किनकी मेरो बाबा ले मलाइ प्रेम गरेको कारण मलाइ अनुशाषनमा राख्नु हुन्छ । हामी उहाँ को प्रेम माथि अविश्वास गर्दैनौ । त्यसैले हाम्रो ध्यान संसार को प्रेम मा होइन परमेश्वर को प्रेम माथि राख्नु पर्छ । सत्य र असल प्रेम श्वर्ग बाट आउछ । यो प्रेम येशु मा परमेश्वर ले देखाउनु भयो । र त्यो प्रेम माथि ध्यान राखेर मुख देखि बोल्नु पर्छ। परमेश्वर को प्रेम को माथि हर दिन ध्यान राखेर हृदय ले बिश्वास गरेर र मुख द्वारा बोल्नु पर्छ । यदि परमेश्वर को प्रेम म संग छ भने कसले र के ले मलाइ परमेश्वर बाट टाढा गर्न सक्छ ?परमेश्वर को प्रेम ले कुनै कुरा को पनि डर हटाइ दिनुहुन्छ । यदि हामी हाम्रो हृदयमा मलाइ कसैले पनि माया गर्दैन मेरो केहि पनि राम्रो हुदैन । म यो गर्न सक्दिन । भनेर भन्छौ भने हाम्रो जीवनमा त्यस्तै हुन्छ । त्यति खेर परमेश्वर भन्नुहुन्छ , म तिमीलाइ यति प्रेम गर्छु कि मैले आफ्नो छोरा लाइ तिम्रो लागी दिए र पनि तिमी बिश्वास गर्दैनौ । हामी ले परमेश्वर ले हामीलाइ माया गर्नुहुन्छ भनेर हृदयम ा बिश्वास गरेर मुख देखि बोल्नु पर्छ । उदाहरण को लागी यदि हामी संग केहि कुरामा आफ्नो एउटा बिचार छ तर त्यो बिचार लाइ हामी अरुको सामु मुख खालेर भनेन भने अथवा हामी ले त्यो बिचारलाइ एउटा पन्नामा लेखेर ब्यक्ति को हातमा दिएनौ भने त्यो बिचार को कुनै अर्थ हुदैन त्यो बिचार म संगै भित्रै मरेर जान्छ । त्यसले कुनै काम गर्न सक्दैन । त्यसमा शक्ति हुन्छ जब हामी मुख बाट बोल्छौ । यो शृष्टि पनि परमेश्वर ले मुख खोलेर बोलेको कारण ले गर्दा भयो । परमेश्वर ले भन्नुभयो उज्यालो होस् र उज्यालो भयो । जे पनि हामी बोल्छौ असल कुरा हो या गलत कुरा त्यसमा सामर्थ आउछ । परमेश्वर को बचन अनुसार हो या परमेश्वर को बचन को बिरुद्ध मा होस् त्यसमा सामर्थ आउछ । परमेश्वर को प्रेम को अनुसार हो भने त्यसमा पबित्र आत्मा को सामर्थ आउछ । किनभने हृदयमा परमेश्वर को प्रेमको सामर्थ खनिएको हुन्छ । परमेश्वर को प्रेम को बिना काम गर्यो भने सैतान को सामर्थ हाम्रो माथि आउछ ।

हिब्रु १३:५ 5 पैसाको मोहदेखि आफूलाई टाडा राख। आफूसित जो छ त्यसैमा सन्तुष्ट होऊ। परमेश्वरले भन्नुभएको छ “म तिमीलाई कहिल्यै छोडदिनँ म तिमीदेखि कहिल्यै भग्दिनँ।”

येशु ले भन्नुभयो परमेश्वर को राज्य मा पस्न को लागी सानो नानी हरु जस्तो हुनु पर्छ । किन भने सानो नानीहरु सन्तुष्ट हुन्छन् । त्यसै गरी हामी पनि हामी सित जे छ त्यसैमा सन्तुष्ट हुनुपर्छ । तर हामीले हाम्रो नानी हरुलाइ संसार को थोकहरु दिएर बिगार्छौ र पछि उनीहरु ले हामी लाइ हामीले दिने थोक अनुसार माया गर्छन् । सत्य घटना हो एक पाष्टर थिए उनका एक छोरी थिइन् । हर दिन छोरी बाबा को पासमा आउछिन् र काहानी को किताब बाट बाबा ले काहानी पढेर सुनाउछन् र त्यस पछि प्रार्थना गर्छन् र प्रार्थना गरे पछि सुत्न लाइ जान्थे । हर दिन एउटै कहानी भएको कारण बाबा ले एक दिन त्यो कहानी रेकर्ड गरेर छोरीलाइ भने हर दिन यो

क्यासेट बजाउनु र बाबा को आवाज मा सुन्नु । सुरु मा त छोरी खुसी भइन् उनको लागी क्यासेट नयाँ चिज भएको कारण २ ,३ दिन त सुनेर मज्जाले सुतिन् चौथो दिनमा छोरी आएर बाबालाइ भनिन् र बाबा मलाइ काहानी सुनाउनुस् न । बाबा ले भने क्यासेट बजाएर सुनन । त्यस पछि छोरी ले भनिन् नाइ बाबा क्यासेट को काखँ मा बस्न मिल्दैन त्यसैले तपाइ नै भन्नुस् । हामीले आफ्ना नानी हरुलाइ समय नदेको कारण ले थोक हरु दिन्छौ । तर परमेश्वर ले हामी लाइ प्रेम गरेर थोक होइन दिएको आफ्नो एक मात्र छोरा लाइ दिनुभयो । त्यसकारण ले परमेश्वर भन्नुहुन्छ शन्तुष्ट मा जिउनु होस् म तिमी लाइ कहिले पनि त्याग्दिन । यो जीवन मा हामी खाली हात ले आयौ खाली हात लिएर जान्छौ । जब हामी मृत्यु सैया मा पुग्छौ त्यति खेर हामीले संसार को केहि चिज पनि खोज्दैनौ त्यति खेर हामीले प्रेम गर्नेहरुलाइ हामी खोज्छौ । परमेश्वर को बचन ले भन्दछ शन्तुष्ट हामीलाइ प्रेम बाट मात्र आउछ । त्यसकारण ले हामी डराउनु , आतिनु , पर्दैन किनकी परमेश्वर को प्रेम हामी संग छ । यो प्रेम सदाकाल को लागी हामी संग हुन्छ । किनकी परमेश्वर ले भन्नुभयो म तिमी लाइ कहिले पनि त्याग्ने छैन । हाम्रो सुरक्षा परमेश्वर को प्रेम बाट आउछ । एउटा सानो नानी उसको आमा बाबा संग छ भने उसले सुरक्षा प्राप्त गर्छ । एउटा नानी को सुरक्षा उसको प्रेम उसको आम बाबा को माथि भएर होइन । उसको सुरक्षा उसको आमा बाबा को प्रेम उ माथि भए को कारण ले हो । नानीहरुको मनमा आमा बाबा को लागी सोच बिचार दिनभरी आउदैन तर आमा बाबा को सोच बिचार दिनभरी उसको नानी को उपर हुन्छ । त्यस कारण परमेश्वर भन्नुहुन्छ मेरो मनमा तिम्रो लागी बिचारहरु यति धेरै छन् । त्यस को गन्ति गर्न पनि सक्दैन ।

एफिसी ३:१४-१५ [14]यसर्थ पिता अघि प्रार्थनामा म झुक्दछु।
[15]स्वर्गको र पृथ्वीको प्रत्येक परिवारले उहाँबाटनै यसको नाम लिंदछन्।

जब मैले पिता को प्रेम लाइ देखे मैले मरो आफ्नो शिर पिता को सामुन्ने झुकाए । किन भने उहाँ हाम्रो परिवारको बाबा हुनुहुन्छ । जब हाम्रो बाबा को प्रेम हामी ले पाउदा हामी उहाँ को अगाडि घुडा टेक्न मात्र सक्छौ । परमेश्वर ले हामी लाइ प्रेम गर्नु हुन्छ त्यो सत्य देखाउन को लागी येशु हाम्रो बिचमा आउनु भयो ।

हिब्रु १३:५ [5]पैसाको मोहदेखि आफूलाई टाडा राख। आफूसित जो छ त्यसैमा सन्तुष्ट होऊ। परमेश्वरले भन्नुभएको छ "म तिमीलाई कहिल्यै छोडदिनँ म तिमीदेखि कहिल्यै भग्दिनँ।"

[6]त्यसर्थ ढुक्कसित भनौं"प्रभु मेरा सहायक हुनुहुन्छ, मलाई केही डर हुने छैन। कसैले मलाई केही अनर्थ गर्न सक्छ?"

भजन सग्रह २३ को सत्य यहाँ आएर त्यसलाइ अझै दोह्राएको छ । एउटा श्रीमान ले श्रीमती संग प्रिय म तिमीलाइ माया गर्छु । श्रीमती ले पनि भन्नु पर्छ म पनि तपाइ लाइ माया गर्छु । त्यसै गरी परमेश्वर ले भन्नुहुन्छ म तिमीलाइ कहिलै त्याग्ने छैन । त्यति खेर हामी ले पनि ढुक्क संग भन्नु पर्छ । परमेश्वर मेरो सहायक हुनुहुन्छ । मलाइ कुनै कुराको डर छैन । त्यो हो भजनसग्रह २३ परम प्रभु मेरो गोठाला हुनुहुन्छ । मलाइ केहि कुरा को खाचो हुदैन । यो सबै परमेश्वर को प्रेम को प्रमाण हो । येशु ले भन्नुभयो म हु बाटो , म हु सत्य र म हु जीवन यो सबै कुरा को मुख्य उदेस्य पिता काहाँ जान को लागी हो । येशु ले जे पनि भन्नु भयो जे पनि गर्नु भयो सबै कुरा बाबा को प्रेम लाइ हामी हरुलाइ देखाउन को लागी गर्नु भयो ।

युहन्ना १:१२ [12]केही मानिसहरुले मात्र उहाँलाई स्वीकार गरे। ज-जसले उहाँलाई स्वीकार गरे उनीहरुलाई मात्र परमेश्वरको सन्तान हुने अधिकार उहाँले दिनुभयो।

जति ले उहाँ लाइ ग्रहण गरे र बिश्वास गरे उहाँ ले तिनीहरुलाइ संन्तान हुने अधिकार दिनुभयो ।

युहन्ना ३०:१ प्राय यहूदीहरूको निस्तार चाड आइसकेको बेला थियो। येशूले जान्नु हुन्थ्यो कि अब उहाँ को संसार छोडने समय आइपुग्कोछ। अब आफ्ना पिता कहाँ फर्की जाने समय आइपुगेकोछ। येशूले सधैं तिनीहरूलाई प्रेम गर्नु भयो जो उहाँसंग त्यस संसारमा थिए। अब येशूले तिनीहरूलाई आफ्नो पूर्ण प्रेम देखाउने समय आएको थियो।

जब येशु पिता काहाँ जाने समय आयो । संसार मा भएका जतिलाइ प्रेम गर्नुभयो तिनीहरुलाइ अन्त सम्म प्रेम गर्नु भयो । जब मेरो उद्धार भयो भने म परमेश्वर को संन्तान हुन्छु । र सन्तान भए पछि परमेश्वर ले मलाइ जीवन को अन्त सम्म प्रेम गर्नु हुन्छ । उहाँ ले मलाइ कहिले पनि त्याग्नुहुन्न । यो सत्य जब हामीलाइ थाहाँ हुन्छ जीवनमा स्वतन्त्रता आउछ । कति चोटि हामी सोच्छौ कि मलाइ कसैले पनि माया गर्दैन त्यति बेला परमेश्वर भन्नुहुन्छ । मेरो दिन रात ध्यान  तिम्रो माथि हो । यो सत्य हामी ले थाहाँ गर्यौ भने हामी दुखी हुदैनौ । उल्टा हामी परमेश्वर को प्रेम मा सुरक्षीत हुन्छौ । त्यस कारण ले हाम्रो ध्यान चार आयाम माथि हुनुपर्छ । पहिलो परमेश्वर मलाइ प्रेम गर्नुहुन्छ , दोस्रो मा हामीलाइ यस्तो प्रेम गर्ने परमेश्वरलाइ हामी कस्तो प्रेम गर्छौ ?

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद, धन्यबाद तपाइ को प्रेम को लागी धन्यबाद । प्रभु आज सम्म हामी खडा भएको कारण हजुर को प्रेम को कारण ले मात्र हो । हाम्रो मन र हाम्रो हृदय ले केबल हजुर को प्रेम माथि ध्यान राख्नलाइ अनुग्रह गर्नुहोस् प्रभु । हजुर को मन त हामी माथि नै हो प्रभु हामीलाइ पनि हजुर को जस्तै मन सधैंब हजुर माथि राख्ने मन दिनुस् प्रभु । जस्तो हजुर को प्रेम शिद्ध छ र त्यस प्रेम मा डर छैन । र त्यस प्रेम मा स्वतन्त्रता छ प्रभु । त्यस्तै गरी हाम्रो प्रेम पनि हजुर माथि शिद्ध हुन सकोस् । यो सबै प्राथै बिन्ति येशु मशिह को नाम मा आमेन ।*